धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238


प.सं.(Letter No.): २०७६/७७
च.नं.(Ref.No.): ९१९८

मितिः २०७७।०२।०९

श्री प्रधानाध्यापकज्यू,
सामुदायिक विद्यालयहरु (सबै)
धनगढीमाई नगरपालिका, सिरहा ।

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक/शिक्षक प्रतिनिधि तथा धनगढीमाई नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, प्रशासकीय प्रमुख, सामाजिक विकास समिति संयोजक, शिक्षा प्रमुख सहितको सामाजिक दूरी कायम गरी मिति २०७७।०२।०७ गते बसेको बैठकबाट हाल Covid-19 को कारण मुलुक लकडाउनमा रहेको बन्दाबन्दीको अवस्थामा विद्यालयको पठन-पाठन, अभिभावक/विद्यार्थी र शिक्षक बीचको अन्तर सम्बन्धलाई जीवन्त तुल्याउन तपसिलको कार्यहरु गर्ने भनी निर्णय भएकोले उक्त निर्णयहरु अविलम्व कार्यान्वयन गरी सो को जानकारी ७ दिन भित्र दिनहुन अनुरोध छ ।

**तपसिलः**

१. सामाजिक दूरी कायम गरी नियमित रुपमा विद्यार्थी भर्ना गर्ने गराउने,
२. पुरानो पाठ्यपुस्तक तत्काल उपलब्ध गराउने,
३. नयाँ पाठ्यपुस्तकको व्यवस्थापनको लागि डिलरसँग समन्वय गर्ने,
४. शिक्षकहरुले अविभावकहरुलाई घरधुरी तहमा सम्पर्क गरी विद्यार्थीहरुको अवस्था पहिचान गर्ने,
५. IEMIS को लागि आवश्यक तयारी गर्ने,
६. विद्यालयले Email-Id बनाई जानकारी दिने ।

शिवराज चौलागाई
प्रमुख प्रशासकिय अधिकृत

**वोधार्थः**

श्री शिक्षा शाखा धनगढीमाई नगरपालिकाः
निर्णय कार्यान्वयनको लागि आवश्यक समन्वय गर्ने ।